सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष : ४ ✯ अंक : ३०८ ✯ २०७९ साल, साउन २३ गते सोमबार, ✯ Monday 08 August, 2022 मूल्य रु. ५/- ✯ पृष्ठ : ४

## भूमि आयोगद्वारा बाराको २ पालिकामा
# जग्गा नाप जाँचको काम सुरु

बारा, २२ साउन ।

राष्ट्रिय भूमि आयोगले बाराको जीतपुरसिमरा र कोहल्वी नगरपालिकामा जग्गाको नाप जाँचको काम सुरु गरेको छ। आयोगले जिल्लाका १६ वटा स्थानिय तह मध्ये पहिलो चरणमा २ पालिकामा काम शुरु गरेको हो। जीतपुरसिमरा, निजगढ, कोहल्वी, पचरौता, महागढीमाई नगरपालिका, सहित सुवर्ण र फेटा गाँउपालिका गरी जिल्लाको ७ वटा स्थानीय तह र आयोगबीच सम्झौता भइसकेको छ । राष्ट्रिय भूमि आयोगका बारा जिल्ला विज्ञ सदस्य केदार गौतमले भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबास भन्दा बाहिर गएर पुर्जा वितरणाको त्रुटिपूर्ण काम आयोगबाट नहुने बताएका छन् । ‘क्षेत्राधिकार भन्दा बाहिर गएर पुर्जा दिने अधिकार कार्यविधिमा हामीलाई छैन्,जग्गा वितरण गर्न योग्य हो कि होईन भनेर प्राविधिकबाट छनोट गरेर राष्ट्रिय भुमि आयोग जिल्ला समिति, स्थानीय तह र प्राविधिक टोली बसेर जग्गाको एकिन गरेर मात्रै जग्गा नाप्ने र लालपुर्जा दिने काम शुरु हुन्छ’ आयोगका बारा जिल्ला विज्ञ सदस्य गौतमले भने ।



राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको हकमा ७ दिने र अव्यवस्थित बसोबासीको हकमा १५ दिनको दावी विरोधको सुचना निकालेर सोही सूचनाका आधारमा वडाबाट प्राविधिक कर्मचारी माग गरेर वडाबाट खटिएको प्राविधिक टोलीले जग्गा नापको काम शुरु गर्ने आयोगले जनाएको छ। जिल्ला भित्र रहेका भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई गतवर्ष नै वडाले फर्म भरेर तथ्यांक संकलन गरिसकेको छ। सोही तथ्यांकको आधारमा जग्गा नाप जाँचको काम हुने जनाइएको छ। बारा जिल्लामा पहिलोपटक २०२१/०२२ सालमा भूमिसुधार कायम भएर जग्गाको नापी शुरु भएको हो । २०२१ सालयता ३२ वटा भूमिसम्बन्धी आयोगहरू गठन भइसकेका छन् ।

राष्ट्रिय भुमि आयोग बारा जिल्ला अध्यक्ष छविलाल उप्रेतीले यसपटकको आयोगले स्थलगत रुपमा जग्गाको नाप जाँचका गरेर पुर्जा दिने जनाएका छन्। सरकारले २०२१/०२२ सालको भुमि सम्वन्धि कानुनलाई शंसोधन गरेर २०७७/०७८ कानुन निमार्ण गरेको छ । अध्यक्ष उप्रेतीले नयाँ भुमि सम्वन्धि कानुनले छरिएर बसेका जनताहरु बाहेक जंगलभित्र जंगल मासेर बसोबास गरेकाहरूलाई पनि एकपटक सरल किसिमले लालपुर्जा दिने वर्तमान सरकारको निति रहेको बताएका छन् । ‘कानुनी रुपमा कुनै अड्चन नआओस् भनेर सरकारले स्थानिय तहलाई फारम भर्ने जिम्मा दिएको छ, तर उहाँहरूसँग विज्ञ टोली नभएको कारण जग्गा नाप जाँचको काम ढिला

*(बाँकी तेश्रो पेजमा)*

## प्रसौनी गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट पारित हुन सकेन

प्रसौनी, २२ साउन ।

जनप्रतिनिधिहरुबीच कुरा नमिल्दा बाराको प्रसौनी गाउँपालिकाले नयाँ आर्थिक वर्ष सुरु भइसक्दा पनि नीति तथा कार्यक्रम र बजेट पारित गर्न सकेको छैन । १० असारमा बोलाइएको गाउँसभा गणपूरक संख्या नपुगेपछि स्थगित भएको थियो । त्यसपछि दोश्रो बैठक २१ साउनका लागि बोलाइएको थियो । तर २१ जना कार्यपालिका सदस्य गाउँसभामा आएनन् । ३९ जना सदस्य रहेको गाउँसभामा ५१ प्रतिशत उपस्थित हुनु पर्छ । एमाले एकातिर र नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी अर्कोतिर हुँदा गाउँसभा गर्न समस्या भइरहेको छ । गाउँसभामा आर्थिक वर्ष २०७९/८० का लागि ४८ करोड ८६ लाखको बजेट, नीति तथा कार्यक्रम भने प्रस्तुत गरिएको छ। प्रसौनीस्थित गाउँपालिका कार्यालयमा उपाध्यक्ष किरण देवीले शिक्षा, स्वास्थ्य, कृषि, भौतिक पूर्वाधार, सामाजिक विकास लगायत क्षेत्रलाई समेटिएको नीति तथा कार्यक्रम प्रस्तुत गरेकी थिइन्। प्रसौनी गाउँपालिका गाउँसभा सञ्चालन कार्यविधि २०७५ मा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले दुई महिनाभित्र पहिलो गाउँसभा बैठक बोलाउनुपर्ने व्यवस्था छ। त्यो गाउँसभामा तत्काल कायम रहेका सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी

*(बाँकी अन्तिम पेजमा)*


## वीरगंज महानगरका १३ वटा सामुदायिक विद्यालय कालो सूचीमा

वीरगञ्ज, २२ साउन ।

वीरगञ्जका १३ वटा सामूदायिक विद्यालय कालो सूचीमा परेका छन्। एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली (आईईएमआईएस) अद्यावधिक गर्न पटक पटक ताकेता गर्दा पनि अटेर गरेकाले यहाँ सञ्चालित १३ वटा सामूदायिक विद्यालयलाई कालो सूचीमा राखिएको वीरगञ्ज महानगरपालिकाका शैक्षिक प्रशासन महाशाखाका प्रमुख अरविन्दलाल कर्णले जानकारी दिए। विद्यालय तहको सूचना तथा तथ्यांकलाई व्यवस्थित गर्न यो प्रणाली लागु गरिएको भएपनि त्यसलाई कार्यान्वयन नगर्ने विद्यालय कालो सूचीमा परेका हुन् ।

कालो सूचीमा पर्नेमा त्रिजुद्ध मा.वि, विद्यापिठ मा.वि, विश्वहिन्दु संस्कृति आधारभुत विद्यालय विद्यापीठ,

*(बाँकी अन्तिम पेजमा)*



वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर, वीरगंज, पर्सा,
मधेश प्रदेश, नेपाल
(शैक्षिक प्रशासन महाशाखा)

प.सं. :– शिक्षा/०७९/०८०
च.नं. :– 36

मिति :– २०७९/०४/१९

श्री IEMIS अद्यावधिक नगरेका सामुदायिक विद्यालयहरू,
वीरगंज महानगरपालिका ।

विषय :– कालोसूचीमा राखिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको च.नं ११४ मिति २०७९/०३/०९ गते तथा यस कार्यालयको च.नं १२ मितिको २०७९/४/५ गतेको पत्रबाट तथा शैक्षिक प्रशासन महाशाखाको फेसबुक पेजबाट समेत शैक्षिक सत्र २०७९ को IEMIS अद्यावधिक गर्न पटक-पटक सुचित गर्दा पनि IEMIS अद्यावधिक नगरेका तपसिलका विद्यालयहरूलाई कालोसूचीमा राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारी लागि सूचित गरिन्छ । साथै IEMIS अद्यावधिक नगरेको कारणबाट विद्यालयले प्राप्त गर्ने कुनै पनि सुविधा, निकासा तथा अनुदानबाट विद्यालय वञ्चित भएमा सोको जिम्मेवारी सम्बन्धित विद्यालयका प्रधानाध्यापक नै हुनुपर्ने व्यहोरासमेत अनुरोध छ ।

तपसिल:

| सि.नं. | विद्यालयको नाम | ठेगाना | प्र.अ.को नाम |
|---|---|---|---|
| १ | त्रिजुद्ध म.प्र.र.रा.मा.वि. वीरगंज | वीरगंज-४ | श्री हरिन्द्र प्रसाद कुर्मी |
| २ | नेपाल राष्ट्रिय विद्यापिठ मा.वि. श्रीपुर | वीरगंज-११ | श्री नविन कुमार मिश्रा |
| ३ | विश्वहिन्दु संस्कृति आधारभुत विद्यालय विद्यापीठ | वीरगंज-१५ | श्री रविन्द्रनाथ तिवारी |
| ४ | सिन्दुरियामाई आधारभुत विद्यालय लक्ष्मणवा | वीरगंज-१५ | श्री हरेन्द्र चौरसिया |
| ५ | मकतब इनर्वा वीरगंज | वीरगंज-१६ | श्री म.जाविर हुसैन |
| ६ | ने.रा.आधारभुत विद्यालय, अधौनी | वीरगंज-२० | श्री विरेन्द्र प्रसाद यादव |
| ७ | ने.रा.आधारभुत विद्यालय, परवानीपुर | वीरगंज-२१ | श्री केश्वर यादव |
| ८ | ने.रा.आधारभुत विद्यालय, मनियारी | वीरगंज-२२ | श्री गम्भीरा साह |
| ९ | रामजानकी आधारभुत विद्यालय, रामगढवा | वीरगंज-२४ | श्री प्रभु जैसवाल |
| १० | मदर्सा इस्लामिया आधारभुत विद्यालय, सुगौलीबिर्ता | वीरगंज-२६ | श्री लाल महम्मद |
| ११ | ने.रा.आधारभुत विद्यालय, प्रसौतिपुर | वीरगंज-३० | श्री योगेन्द्र प्रसाद कुशवाहा |
| १२ | नेपाल रेडक्रस आ.वि., लक्ष्मीपुर बेल्वा वीरगंज | वीरगंज-३१ | श्री लक्ष्मण साह |
| १३ | आदर्श बाल विकास आधारभुत विद्यालय, बेल्वा (१-५) | वीरगंज-३१ | |

बोधार्थ:
श्री प्रमुखज्यू, वीरगंज महानगरपालिका ।
श्री उप-प्रमुखज्यू, वीरगंज महानगरपालिका ।
श्री प्रमुख प्रशासकीय अधिकृतज्यू, नगर कार्यपालिकाको कार्यालय, वीरगंज महानगरपालिका ।
श्री शिक्षा तथा मानवस्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

अरविन्द लाल कर्ण
प्रमुख (दशौं तह)
शैक्षिक प्रशासन महाशाखा

स्वस्थ सुन्दर विकासको शहर वीरगंज नगर
filename:-newletterpad2073 २

## नगर प्रमुख साहद्वारा सामुदायिक भवन उदघाटन

कलैया २२ साउन ।

कलैया उपमहानगर पालिकाको नगरप्रमुख विनोद साहले बार ामा सामुदायिक भवनको उदघाटन गरि एको छ। कलैया उपमहानगरपालिका वडा नं. ८ रामपुरमा शनिबार सामुदायिक भवनको उदघाटन गरि एको हो । सामुदायिक भवनको उदघाटन गर्दै नगरप्रमुख साहले सामुदायिक भवनमा केही छुट भएका निर्माण गर्नको लागि थप उपमहानगर को बजेटबाट २० लाख दिने प्रतिद्वता गरेका छन् ।

पुर्व वडाध्यक्ष डा अख्तर अंसारीले आफनो कार्यकालमा निजी लगानीमा सामुदायिक भवनको लागि ४ धुर जग्गा खरिद गरेका थिए । आर्थिक वर्ष ०७८्०७९ को नगरको ३० लाख र पुर्व वडाध्यक्ष अंसारीको निजी १४ लाखको लगानीमा ४ धुरमा २ तल्ले भवन निर्माण भएको हो । समाजमा रहेका गरिव असाहयहरुको घरमा हुने विवाह, व्रतबन्ध, भोजभतेर मा जमघट हुने समस्या हेरेर निजी लगानीमा जग्गा खरिद गरि सामुदायिक भवनको निर्माण गरिएको अंसारीले बताए । समाजमा निशुल्क रूपमा सो भवनको प्रयोग गर्ने उनले बताए । सामुदायिक भवन उदघाटन कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत नाथु साह, नेकपा एमालेका नेताद्वय अच्युत मैनाली, अध्यानन्द पाण्डे, वडाध्यक्ष लगायतको सहभागिता रहेको थियो ।

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका
फेटा (बारा)

## निर्वाचन क्षेत्रमा मतदाता फकाउँदै बाराका सांसदहरु

बारा, २२ साउन ।

स्थानीय चुनाव सकिएर संघ र प्रदेशको चुनाव आएसँगै बाराका सांसदहरु मतदाता फकाउन लागी परेका छन्। प्रतिनिधि सभा सदस्यतर्फ ४ वटा र प्रदेशतर्फ ८ वटा निर्वाचन क्षेत्र रहेकोमा क्षेत्र नं १ अधिक चर्चाको विषय रहेको छ । ।नेपानी तथा सरसफाई मन्त्री उमाकान्त चौधरीले बाराको निर्वाचन क्षेत्र नं १ को लागि चालु आर्थिक वर्षमा ३२ करोडको खानेपानी योजना ल्याएका छन्। नेपाली काँग्रेसबाट सो क्षेत्रमा संघीय सांसदसमेत रहेका चौधरीले आफ्नो निर्वाचन क्षेत्रलाई लक्षित गरेर खानेपानीको योजना ल्याएका हुन् । चौधरीले आफ्नो निर्वाचन क्षेत्रमा मात्रै छुट्याएको ३२ करोड बजेट समग्र मधेस प्रदेश सरकारको ८ जिल्लामा खोनपानीका लागि प्रदेश सरकारले छुट्याएको बजेट भन्दा पनि बढी हो। मधेस प्रदेशका ८ जिल्लामा खानेपानी योजनामा जम्मा २६ करोड मात्र बजेट छ। अगामी मंसिर ४ गते हुने संघ र प्रदेशको निर्वाचनमा मतदाता फकाउन चौधरीले सरकारको ढुकुटीको करोडौं रुपैयाँ बजेट जथाभावी रुपमा आफ्नो निर्वाचन क्षेत्रको लागि विनियोजन गरेका हुन् । चौधरी यसअघि स्वास्थ्य मन्त्री समेत भएका थिए । बारा जिल्लाबाट धेरै पटक सरकारको नेतृत्व र शक्तिकेन्द्र नजिक बस्ने थोरै पात्रभित्र उनी पनि पर्दछन्। स्वास्थ्य मन्त्री रहँदा जिल्लाको स्वास्थ्य सेवामा भने उनको योगदान खासै देखिदैन। बारामा एउटा सुविधासम्पन्न अस्पताल नहुदाँ अधिकांश विरामी उपचारका लागि वीरगञ्ज, हेटौडा,भरतपुर, काठमाडौंसम्म पुग्ने बाध्यता छ। चौधरी स्वास्थ्यमन्त्री हुँदा सुरु भएको खुला दिसामुक्त क्षेत्र घोषणा अभियान कार्यक्रमअन्तर्गत उनले आफ्नो टोलमा मात्रै शौचालय र बाटो ढलान गरेका थिए । बाराको अमलेखगञ्ज दुइ दशकदेखि खानेपानीको चरम समस्यामा छ । अगामी प्रदेश, संघको निर्वाचन केन्द्रीत गरेर चौधरीले जिल्लामा खानेपानी समस्या भएका क्षेत्रलाई वेवास्ता गर्दै आफ्नो क्षेत्र र टोलमा मात्रै राज्यको करोडौं रुपैयाँ ढुकुटी खन्याएको भन्दै बारा निर्वाचन क्षेत्र नं ३ का संघीय सांसद रामबाबु यादवले गुनासो गरेका छन् । ‘मन्त्री हुनासाथ आफ्नो निर्वाचन क्षेत्रमा मात्रै बजेट खन्याउने प्रवृत्ति छ, यो गलत हो ।’उमाकान्त चौधरीले आफ्नो चुनाव क्षेत्रलाई फोकस गरेभैँ चुनाव नजिकएसँगै बारा क्षेत्र न ३ का संघीय सांसद यादव पनि पछिल्लो समय विशेष कारणबाहेक प्रायः जिल्लामै भेटिन्छन् । प्रस्तावित दोस्रो अन्तराष्ट्रिय विमानस्थलभित्र रहेको टाँगियावस्तीमा विद्युत्तीकरण, सिमरा–कोहल्वी सडक खण्डअन्तर्गत बर्डहवामा २ वर्षदेखि अवरुद्ध पुल सञ्चालनलगायत आफ्नो निर्वाचन क्षेत्रमा देखिएका समस्या समाधानमा स्थानीयबीच यादव प्रत्यक्ष उपस्थित भएर काममा जुटेका छन्। अन्तराष्ट्रिय विमानस्थलको राष्ट्रिय वन क्षेत्रभित्र कानुनी प्रक्रिया मिचेर बिजुलीको पोल गाडिएको भन्दै वन कार्यालयले अवरोध गरेपछि संघीय सांसद यादव आफ्नै उपस्थितिमा स्थानीयलाई परिचालन गरेर पोल गाड्ने काम धमाधम गरिरहेका छन् । आफ्ना मतदातालाई रिझाउन र

*(बाँकी तेश्रो पेजमा)*

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
समाचार सम्पादक : तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार : परमहंस केशरी
अधिवक्ता : राजेन्द्र कुशवाहा
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९, ९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

# अघि बढ्यो महाअभियोग : जबरालाई ७ दिनभित्रै सफाइ पेश गर्ने सुविधा

काठमाण्डौं, २२ साउन ।

प्रतिनिधिसभामा प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्ध दर्ता भएको महाभियोग प्रस्ताव अघि बढेको छ । तर ४ मंसिरमा प्रदेश र प्रतिनिधिसभा निर्वाचन घोषणा भइसकेकाले महाभियोग टुंगोमा पुग्छ वा त्यसअघि नै संसदको कार्यकाल सकिन्छ भन्ने प्रष्ट भइसकेको छैन । सत्तारुढ दलका ९५ सांसदले जबराविरुद्ध १ फागुन २०७८ मै संसद सचिवालयमा महाअभियोग प्रस्ताव दर्ता गरेपछि २२ फागुनमा प्रतिनिधिसभाले महाअभियोग सिफारिस समिति बनाएको थियो । तर लामो समयसम्म संसदले यो समितिलाई विजेनस दिएन अर्थात महाअभियोग प्रस्ताव अघि नै बढाएन । प्रतिनिधिसभा नियमावलीको नियम १६१ ले संवैधानिक अंगको प्रमुख वा सदस्यका विरुद्धको महाभियोग प्रस्ताव प्रतिनिधिसभा सचिवालयमा दर्ता भएको एक/दुई सातामै अघि बढ्ने कल्पना गरेको छ । संसद अधिवेशन चालु रहेको अवस्थामा महाअभियोग प्रस्ताव दर्ता भए सभामुखले दर्ता भएको मितिले ७ दिनपछिको कुनै बैठकमा छलफल गराएर महाअभियोग सिफारिस समितिमा पठाउन सक्छन् ।

महाभियोगको प्रस्ताव पारित भएमा निलम्बित प्रधानन्यायाधीश जबराले पदमा रहँदा कुनै कसूर गरेको भए त्यस्तो कसूरमा कारबाही गर्ने बाटो खुल्नेछ । साथै जबराले सरकारी सुविधा लिन र भविष्यमा कुनै पनि सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुनबाट बञ्चित हुनेछन् । अधिवेशन चालू नरहेको अवस्थामा दर्ता भए बढीमा १५ दिनभित्र प्रतिनिधिसभाको बैठक बस्ने गरी अधिवेशन बोलाउन माग गर्नुपर्ने हुन्छ । तर, प्रतिनिधिसभा नियमावलीको यो व्यवस्था अनुसार जबराविरुद्धको महाअभियोग अगाडि बढ्न सकेन । राजनीतिक प्रतिशोध राखेर सरकारले लामो समयसम्म यो प्रस्ताव सदनमा नल्याएको भन्दै नेकपा एमालेका सांसद प्रदीप ज्ञवालीले आइतबारको बैठकमा भनेका छन्, 'अब सदन अन्त्य हुने बेलामा ल्याएर हामीले न्याय गर्दैछौं ? यो उचित भएन ।' एमालेको असन्तुष्टिका बाबजुद आइतबारको बैठकले महाअभियोग प्रस्तावलाई सिफारिस समितिमा पठाउने निर्णय गरेको छ ।

**समयको चापमा समिति**

जबराविरुद्धको महाअभियोग अब सिफारिस समितिको कार्यक्षेत्रभित्र पुगेको छ । सिफारिस समितिले कस्तो सिफारिस गर्छ, त्यस आधारमा धेरै विषयहरु प्रष्ट हुनेछन् । तर महाअभियोग सिफारिस समितिले अध्ययनका लागि प्रतिनिधिसभा नियमावलीले कल्पना गरे अनुसार समय भने प्राप्त गर्ने छैन । प्रतिनिधिसभा नियमावलीको नियम १६३ मा महाभियोगको प्रस्ताव प्राप्त भएपछि सिफारिस समितिले यथाशीघ्र कारबाही प्रारम्भ गर्नुपर्ने' उल्लेख छ । नियमावलीको नियम १६३ (४) ले 'कारबाही प्रारम्भ गरेको मितिले बढीमा ३ महिनाभित्र सिफारिस सहितको प्रतिवेदन पेश गर्नुपर्ने' समयसीमा पनि तोकेको छ ।

महाअभियोग सिफारिस समितिका सदस्य प्रमोद साहका अनुसार समितिको कार्यविधि बनेको छैन भने संयोजक पनि तोकिएको छैन । अब विजनेश आएकाले बैठक बसेर कार्यविधि तयार गर्ने, संयोजक तोक्ने लगायतका काम सकेर महाअभियोग प्रस्तावमाथि छलफल सुरु हुने सिफारिस समितिका सदस्यहरु बताउँछन् । ११ सदस्यीय महाभियोग सिफारिस समितिमा नेकपा एमालेबाट विष्णु पौडेल, शिवमाया तुम्बाहाङ्फे, कृष्णभक्त पोखरेल र लालबाबु पण्डित छन् । नेपाली कांग्रेसबाट मीनबहादुर विश्वकर्मा, रामबहादुर विष्ट, नेकपा माओवादी केन्द्रबाट यशोदा सुवेदी, रेखा शर्मा, एकीकृत समाजवादीबाट कल्याणी खड्का, लोकतान्त्रिक समाजवादी पार्टीबाट एकवाल मियाँ र जसपाबाट प्रमोद साह छन् ।

**७ दिनभित्रै जबरालाई सफाइ पेश गर्ने सुविधा**

प्रतिनिधिसभा नियमावलीअनुसार समितिले महाअभियोगबारे अध्ययन गर्ने क्रममा जबरालाई पनि बोलाएर सफाइ दिने मौका दिनुपर्छ । 'समितिले कारबाही प्रारम्भ भएपछि आरोपित पदाधिकारीलाई ७ दिनभित्र निजलाई लागेको आरोपको सफाइ पेश गर्ने उचित मौका दिई आवश्यक अनुसन्धान गर्नुपर्नेछ,' प्रतिनिधिसभा नियमावलीको नियम १६३ (२) मा उल्लेख छ । निलम्बित प्रधानन्यायाधीश जबरा आफैं उपस्थित भई सफाइ पेश गर्नुपर्ने हुन्छ । उपस्थित नभएमा त्यसलाई आरोप स्वीकार गरेको रुपमा लिएर समेत समितिले प्रतिवेदन लेख्न सक्ने जानकारहरु बताउँछन् । जबराले उपस्थित भएर सफाइ पेश गर्दा पनि समितिका सदस्यहरुको प्रश्न र महाअभियोग लगाउँदा लगाएका आरोपहरुको खण्डन तथ्य र तर्कका आधारमा यथेष्ट रुपमा गर्नुपर्ने हुन्छ । अन्यथा, सफाइ सन्तोषजनक नभएको भनी महाअभियोग सिफारिस समितिले आफ्नो प्रतिवेदनमा लेख्नसक्छ । जसले महाअभियोग लगाउनु पर्नाको कारणलाई थप बलयो बनाउँदछ । निलम्बित प्रधानन्यायाधीश जबराविरुद्ध विभिन्न २१ वटा आरोप लागेको छ । जसमा प्रधानन्यायाधीशका रूपमा जबराले न्यायालयमा विचलन ल्याएको, जिम्मेवारी विपरीतका कार्य गरेर न्यायिक अधिकार हनन गरेको, निहित स्वार्थका लागि न्याय छिटोछरितो निरूपण

(बाँकी तेश्रो पेजमा)

# गैरदलीय उम्मेदवारले जित्ने तीन आधार

*नयाँ अनुहार गैरदलीय हुँदैमा असल, योग्य र क्षमतावान हुन्छ भन्ने छैन । अहिले राजनीतिक दलहरूको विगतको विफलताले गैरदलीय उम्मेदवारको पक्षमा माहोल सिर्जना भएको छ ।*

**मिलन मनुवा दाहाल**

नेपाल सरकारले आगामी मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचन गर्ने घोषणा गरेको छ । चुनाव आवधिक प्रक्रिया हो । त्यसकारण, हरेक पाँच वर्षमा चुनाव आउनु नयाँ कुरा होइन । तर, आमनिर्वाचन २०७९ को फरक परिदृश्य देखा पर्दैछ, गैरदलीय उम्मेदवारहरूको कारणले । गत स्थानीय चुनावमा स्वतन्त्र उम्मेदवारहरूको सफलताले आगामी चुनावमा धेरै जना स्वतन्त्र उम्मेदवार खडा हुन हौसिएका छन् ।

स्वतन्त्र भनिए तापनि चुनावमा उत्रिएको कुनै व्यक्तिको पछाडि उसका समर्थकहरूको दलबल हुन्छ । ऊ आफैं सामाजिक बन्धनमा बाँधिएको हुन्छ । त्यसैले स्वतन्त्र भन्नु भन्दा गैरदलीय उम्मेदवार भन्नु उपयुक्त हुनेछ । त्यसो त, स्वतन्त्रको लोकप्रियतालाई हतारमा छोप्ने दाउमा स्वतन्त्र नामधारी नयाँ पार्टी नै दर्ता भएको छ । जेहोस् यी आफूलाई स्वतन्त्र दाबी गर्ने गैरदलीय उम्मेदवारहरूले आमनिर्वाचन २०७९ मा जित्न सक्ने तीन बलिया आधार छन् ।

**१. नयाँ पुस्ताको उदय**

नेपालमा युवा जनसंख्याको बाहुल्य छ । मतदान गर्ने १८ वर्ष उमेर पुगेका, ३५ वर्ष ननाघेका जनसंख्या करिब एक तिहाइ छ । यस उमेर समूहलाई बालेन पुस्ता भन्न सकिन्छ । यो पुस्ता करिब करिब २०४६ सालको आन्दोलनपछि जन्मियो । यो पुस्ताले मदन भण्डारी, मनमोहन अधिकारी देखेन । यो पुस्ताले गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईलाई पनि चिन्दैन ।

कम्युनिस्ट, कांग्रेसको पंचायतकालीन राजनीतिक संघर्ष र त्याग तपस्या यो पुस्ताको लागि एकादेशको कथा हो । दशवर्षे माओवादी द्वन्द्वकालमा यो पुस्ता बालकै थियो भने, २०६३ सालको आन्दोलन पनि राम्ररी अनुभव गर्न पाएन । यो पुस्ताको केही हिस्साले २०६५ सालमा पहिलो संविधानसभाको चुनावमा पहिलो पटक भोट हाल्यो भने, ठूलो हिस्साले गत स्थानीय चुनावमा भोट हाल्यो ।

नयाँ पुस्ताले नेपाली राजनीतिमा जे-जति देख्यो, भोग्यो र बुझ्यो, राम्रा कुरा कम छन् भने नराम्रा कुरा ज्यादा छन् । बेथिति र बेरोजगारीबाट नयाँ पुस्ता यति आक्रान्त छ कि यो देशमा बसेर भविष्य नै देख्दैन । अधिकांश युवा अध्ययन र रोजगारीको लागि विदेशिन बाध्य छ । नेपालको इतिहासमा पहिलो पटक यति ठूलो संख्यामा नेपाली विदेश पलायन भइरहेका छन् । यो रोकिने छाँट पनि छैन । यसको दोष शासन चलाउने नेताहरूप्रति जान्छ ।

पंचायतको पतन पश्चात् बहुदलीय व्यवस्थामा र राजतन्त्र उन्मूलन पछि गणतान्त्रिक व्यवस्थामा जनअपेक्षा अनुसार राजनीतिक दलहरूले काम गरेनन् । यही अवधिमा हुर्केबढेको नयाँ पुस्ता शिक्षित र ऊर्जावान त छ, तर देशको भविष्यप्रति घोर निराशा र राजनीतिप्रति चरम वितृष्णामा डुबेका छन् । त्यसैले चुनावलाई राजनीतिक दलका नेताहरूसँग बदला लिने सही अवसर ठानेका छन् । तर, विकल्प पाएका छैनन् । त्यसैले नयाँ अनुहारका गैरदलीय उम्मेदवारप्रति नयाँ पुस्ताको आकर्षण छ ।

पार्टीको बिल्ला नभिर्दै, झण्डा नबोक्दै वा सभा सम्मेलनमा सहभागी नहुँदै कुनै व्यक्ति अराजनीतिक हुँदैन । सूचनाको सहज पहुँचले राजनीतिक दल र तिनका नेता, कार्यकर्ताको गतिविधि आमजनताले निरन्तर अनुगमन गर्नसक्ने भएका छन् । त्यसैले नयाँ पुस्ता गैरदलीय हो, तर अराजनीतिक होइन । सामान्य राजनीतिक चेत राख्न मार्क्सवाद वा कुनै वादको ठेली नै पढ्नुपर्छ भन्ने छैन ।

नयाँ पुस्ता राजनीतिक चेत भएको तर गैरदलीय छ । नयाँ पुस्ताको भोट दललाई नहेरी स्वच्छ छविका क्षमतावान उम्मेदवारलाई जाने पक्का छ । तसर्थ, स्वतन्त्र अर्थात् गैरदलीय उम्मेदवारले आफूलाई स्वच्छ छविको क्षमतावान व्यक्तिको रूपमा प्रस्तुत गर्न सके नयाँ पुस्ताको भोट पाउन सक्छ । जुन कुल मतदाताको करिब एक तिहाइ छ । नेपाली समाजको मनोविज्ञान अनौठो छ, खासगरी सचेत शहरी क्षेत्रमा । त्यसैले कतिपय स्थानमा चुनावको अप्रत्याशित परिणाम नआउला भन्न सकिन्न ।

**२. नेपाल बाहिरका नेपाली**

नेपाल बाहिर नेपालीको ठूलो संख्या छ । रोजगारी, अध्ययन वा अन्य कारणले विदेशमा रहेका नेपाली नागरिक मतदानबाट वञ्चित रहँदै आएका छन् । नेपाल बाहिरका नेपालीलाई नेपालको अवस्था देखेर असह्य पीडा हुने गर्छ । नेपालमा अब यस्तो कुनै मान्छे रहेन, जसको परिवारको सदस्य, नातेदार वा साथीभाइमध्ये कोही न कोही विदेशमा नहोस् । इन्टरनेटको पहुँचले विदेशमा रहेका नेपाली नेपालका आफन्तहरूसँग साँझबिहानै संवाद गरिरहेका हुन्छन् ।

जुन वर्गले नेपालमा रेमिट्यान्स पठाएर देशको अर्थतन्त्र धानिएको छ, त्यस वर्गलाई राजनीतिक दलहरूले विभिन्न संघसंस्थाको नाममा कार्यकर्ता, समर्थक बनाएर अल्मलाएर राख्दै आएको छ । राजनीतिक दलहरूप्रति आम नेपालीको वितृष्णा बढ्दै जाँदा विदेशमा रहेका नेपालीमा पनि स्वाभाविक रूपमा वितृष्णा जागेको छ । नेपाल बाहिरका नेपालीको राजनीतिक आकांक्षा हिजो दलहरूसँग जोडिनु मात्र थियो भने, आज नेपालको राजनीतिलाई प्रभावित गर्ने हैसियत राख्छन् ।

विदेशमा बस्ने नेपालीले नेपालको अवस्था र समसामयिक राजनीति बारे सामाजिक संजालमा सक्रिय रूपमा टीकाटिप्पणी गरिरहेको देख्न सकिन्छ । यसबारे समाजशास्त्रीय अध्ययन त भएको थाहा छैन, तर यत्ति भन्न सकिन्छ कि उनीहरूले नेपालस्थित आ ना परिवारका सदस्य, नातेदार र साथीभाइलाई प्रभावित गरी चुनावको परिणाम उलटफेर गरिदिन सक्छन् । काठमाडौं महानगरपालिकाको गत चुनावमा केही हदसम्म यो प्रवृत्ति देखापरेको छ ।

आगामी चुनावमा नयाँ अनुहारका गैरदलीय उम्मेदवार, खासगरी जो विदेशबाट फर्केका छन् वा विदेशको अवसर त्यागेर राजनीतिमा होमिएका छन्, तिनीहरूले नेपाल बाहिरका नेपालीको ध्यान तान्ने प्रबल संभावना छ । विदेशमा रहेका नेपालीको आफन्तको भोट, गैरदलीय उम्मेदवारले जित्ने अर्को आधार छ ।

**३. वाक्कदिक्क आम सर्वसाधारण**

बारम्बार सत्तामा पुगेका दलका नेता र तिनीहरूका आसेपासे बाहेक आम सर्वसाधारण नेपाली राजनीतिक दलहरूबाट वाक्कदिक्क भएका छन् । नेपाली समाजको मनोविज्ञान अनौठो छ, खासगरी सचेत शहरी क्षेत्रमा । त्यसैले कतिपय स्थानमा चुनावको अप्रत्याशित परिणाम नआउला भन्न सकिन्न ।

चुनावमा पैसाको खोलो बगाउने, तडकभडक गर्ने, मान्छे ओसारेर आमसभा गर्ने भन्दा एक्लैदुक्लै चुनाव प्रचार गर्ने गैरदलीय उम्मेदवारले आम सर्वसाधारणको मन जित्न सक्छ । पुराना पुस्ताले रूख, सूर्य, हँसियाहथौडा, हलो आदिमा भोट हाल्दै आएकोमा यसपालि नयाँको खोजी गर्न सक्छन् । आगामी चुनावमा नयाँ अनुहारले प्राथमिकता पाउने संकेत देखा परिसकेको छ ।

नेपालमा राजनीति हजारौं मानिसको पूर्णकालीन पेशा रहेको छ । तिनीहरूमध्ये ठूलो संख्या उम्मेदवारको आकांक्षी हुनेछन् । राजनीतिक दलका शीर्षस्थ नेताहरूलाई तिनीहरूको व्यवस्थापन गर्न सजिलो छैन । राजनीतिक दलहरू सच्चिउन् भन्ने कामना गर्दागर्दै पनि उम्मेदवार छनोटमा चुक्न सक्छन् । तिनीहरूले चाहेर पनि नयाँ अनुहारले मौका नपाउन सक्छन् । यस्तो स्थितिमा गैरदलीय उम्मेदवार, वाक्कदिक्क भएका मतदाताहरूको लागि विकल्प बन्न सक्छन् । त्यसैले गैरदलीय उम्मेदवारले दलका पुराना मतदाताहरूको ठूलो तप्काबाट भोट प्राप्त गर्न सक्छन् ।

अन्त्यमा, प्रमुख राजनीतिक दलका शीर्षस्थ नेताहरू अधिकांश सत्तरी वर्ष कटेकाले सत्ता संचालनमा युवालाई पालो दिनुपर्ने चर्को आवाज उठेको छ । युवा उमेर तुलनात्मक हिसाबले सहज अवस्था त हो, तर उमेर मात्र सबै थोक होइन । नयाँ अनुहार गैरदलीय हुँदैमा असल, योग्य र क्षमतावान हुन्छ भन्ने छैन । अहिले राजनीतिक दलहरूको विगतको विफलताले गैरदलीय उम्मेदवारको पक्षमा माहोल सिर्जना भएको छ ।

तर, गैरदलीय उम्मेदवार आफैंमा कत्तिको क्षमतावान छ, आ ना कुराहरू कसरी आम जनतासमक्ष राख्छ र मतदातालाई विश्वस्त तुल्याउन सक्छ भन्ने कुराले जित-हारको तय गर्नेछ । मिडियाको प्रयोग, खासगरी रेडियो, टेलिभिजन र सामाजिक संजालको प्रभावकारी उपयोग गरेर गैरदलीय उम्मेदवारले मतदाता आकर्षित गर्न सक्छ । निर्वाचन क्षेत्रमा दलीय सांगठनिक आधार र कार्यकर्ताको लर्को विना पनि, गैरदलीय उम्मेदवारलाई मतदातासमक्ष मिडियाको माध्यमबाट पुग्ने सुविधा छ । यसप्रकार माथि उल्लिखित तीन वर्गलाई लक्षित गरी मिडियाको अधिकतम उपयोगबाट क्षमतावान गैरदलीय उम्मेदवारले आगामी निर्वाचनमा जित्ने प्रचुर संभावना छ ।
(साभार-अनलाइनखबर)

# यस वर्ष किन भयो कुलेखानीमा पानीको सतह कम ?

मकवानपुर, २२ साउन ।

मानव निर्मित नेपालकै सबैभन्दा ठूलो ताल तथा जलाशययुक्त जलविद्युत् आयोजना कुलेखानीमा पानीको सतह अघिल्लो वर्षको तुलनामा यस वर्ष कम भरिएको छ । सुख्खायाममा अन्य जलविद्युत गृहमा पानीको मात्रा कम हुँदा कुलेखानी जलविद्युत गृह संचालनमा ल्याउने गरिन्छ । यसलाई नेपाल विद्युत् प्राधिकरणको 'व्याकअप' को रुपमा प्रयोग गरिँदै आएको छ । देशकै एक मात्र जलाशययुक्त जलविद्युत् आयोजना भएकाले कुलेखानीलाई अन्य आयोजनाको व्याकअपको रुपमा प्रयोग गर्ने गरिएको हो । गत वर्षको तुलनामा मुहान क्षेत्रमा पानी कम पर्दा कुलेखानी जलाशयमा यस वर्ष पानीको सतह कम भएको हो । जलाशयमा गत वर्ष यसै समयमा १ हजार ५१८ मिटर पानी मापन गरिएकोमा यस वर्ष १ हजार ५०७ दशमलव ५५ मिटर मात्र रहेको कुलेखानी जलविद्युत केन्द्रका प्रमुख



धीरेन्द्र चौधरीले जानकारी दिए ।

जलाशयमा यस वर्ष गत वर्षको भन्दा पानीको सतह ११ मिटर कम रहेको छ । वर्षा अवधि बाँकी नै रहेकाले असोजसम्म जलाशयमा पानी भरिने सम्भावना रहेको चौधरीले बताए । 'अघिल्लो वर्षको भन्दा यस वर्ष जलाशयमा पानीको सतह कम भरिएको छ । जलाधार क्षेत्रमा वर्षा कम हुँदा पानीको सतह कम भरिएको हो ।' उनले भने, 'अघिल्लो वर्ष यसै समयमा जलाशयमा समुद्र सतहबाट १ हजार ५ सय १८ मिटर मापन गरिएको थियो भने यस वर्ष १ हजार ५०७ दशमलब ५५ मिटर मात्र पानी भरिएको छ ।' अघिल्लो वर्ष असार महिनामै जलाधार क्षेत्रमा भारी वर्षा भएकाले जलाशयमा पानीको सतहमा उल्लेख्य वृद्धि भएको उनले बताए । यसवर्ष भने जलाधार क्षेत्रमा वर्षा कम भएका कारण जलाशयमा पानीको सतह पनि कम भएको चौधरीको भनाइ छ । उनका अनुसार गत २ दिनमा भएको वर्षाका कारण कुलेखानी जलाशयमा १० मिटर पानीको सतह बढेको छ । 'साउनको अन्तिम हुँदा पनि भारी वर्षात् भएको छैन । गत २ दिनमा भएको वर्षको कारण जलाशयमा १० मिटर पानी भरिएको छ । लगातार २/४ दिन पानी पर्ने हो भने छिट्टो भरिन्छ,' उनले भने ।

१ हजार ५ सय ३० मिटर उचाइसम्म पानी भण्डारण क्षमता भएको जलाशयमा गत वर्ष असोज महिनामा लाग्दा भरिएको थियो । गत वर्ष जलाशयमा पानी बढी भएर ओभर फ्लो समेत भएको थियो । जलाशयमा जम्मा भएको पानीलाई प्रयोग गरेर तीनवटा आयोजनाबाट कूल १ सय ६ मेगावाट विद्युत् उत्पादन गर्न सकिन्छ । कुलेखानी जलाशयको पानीबाट पहिलो विद्युत गृहबाट ६० मेगावाट, दोस्रोबाट ३२

(बाँकी तेश्रो पेजमा)

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
शुभम सन्देश
DAILY दैनिक



# मतदाता परिचयपत्र छपाइ ७४ सालमा साढे १३ रुपैयाँ, अहिले ४ रुपैयाँ




काठमाण्डौ, २२ साउन ।

निर्वाचन आयोगले २०७४ सालको पहिलो र दोस्रो चरणमा सम्पन्न स्थानीय निर्वाचनमा ९ रुपैयाँ ९९ पैसामा एउटा मतदाता परिचयपत्र छाप्यो। तेस्रो चरणमा पुग्दा त्यो दर महंगिएर १३ रुपैयाँ ५० पैसा पुग्यो । ५ वर्षपछि निर्वाचन आयोगले त्यही परिचयपत्र ३ रुपैयाँ ९० पैसामा छाप्यो । 'यो पाँच वर्षको अवधिमा ४ देखि साढे ८ प्रतिशतसम्म मूल्यवृद्धि भएको देखिन्छ, औसतमा हरेक वर्ष ५ प्रतिशतका दरले मूल्यवृद्धि भएको छ' निर्वाचन आयोगको आर्थिक प्रशासन शाखा सम्बद्ध स्रोतले भन्यो, 'अहिले ४ रुपैयाँमा छपाइ हुने सामान त्यतिबेला साढे १३ रुपैयाँ पर्नु निकै अनौठो भयो ।' निर्वाचन आयोगले एउटा कम्पनीलाई स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचनका लागि प्रतिथान ९ रुपैयाँ ९९ पैसामा मतदाता परिचयपत्र छाप्ने जिम्मेवारी दिएको थियो। दुई चरणको निर्वाचन सकिएपछि आयोगले १२ भदौ २०७४ मा निर्णय गरेर त्यति नै दरमा मतदाता परिचयपत्र छाप्न आग्रह गर्‍यो ।

तर पछि कच्चा पदार्थको मूल्यवृद्धि भएको, छपाइ गर्नुपर्ने कार्ड संख्या घटेको, मजदुरहरूको पारिश्रमिक बढेको कारण देखाएर मूल्यवृद्धि गरियो । र परिचयपत्र छाप्ने कम्पनीले प्रतिथान १४ रुपैयाँ चाहिने भनी माग गर्‍यो। दुवै पक्षको मोलतोल हुँदा १३ रुपैयाँ ५० पैसा प्रतिथानका दरले मतदाता परिचयपत्र छाप्ने सम्झौता भयो । निर्वाचन आयोगले २०७४ सालको स्थानीय तह निर्वाचनको पहिलो र दोस्रो चरणमा ११ करोड ३९ लाख ८० हजार ६४५ रुपैयाँ खर्च गरेको हिसाव निस्कन्छ । तेस्रो चरणमा परिचयपत्र छाप्दा ३ करोड ५९ लाख ७६ हजार ८२५ रुपैयाँ खर्च भएको देखिन्छ । दुईपटक गरी मतदाता परिचयपत्र छाप्न कुल १५ करोड रुपैयाँ खर्च भएको थियो। २०७४ सालको स्थानीय तह निर्वाचनमा पहिलो र दोस्रो चरणमा १ करोड १४ लाख अनि तेस्रो चरणमा २६ लाख गरी कुल एक करोड ४० लाख मतदाता थिए । त्यतिबेला आयोगले सबै मतदाताहरूलाई परिचयपत्र बाँडेको थियो । यसपालि निर्वाचन आयोगले ३ रुपयाँ ९० पैसामा मतदाता परिचयपत्र छाप्नेगरी ठेक्का सम्झौता गर्‍यो । यसपाली थपिएका मतदाताहरूको मात्रै परिचयपत्र छापियो । ३१ लाख ६६३ जना मतदाताहरूको परिचयपत्र छाप्दा एक करोड २० लाख ९२ हजार रुपैयाँमात्रै खर्च भयो ।

२०७४ सालमा पनि गत चैत/वैशाखमा मतपत्र छापेकै दर ३ रुपैयाँ ९० पैसामा मतपात्र छापेको भए एक करोड ४० लाख परिचयपत्र ५ करोड ४६ लाख रुपैयाँमा छापिने थियो । त्यतिबेलाको खर्च अहिलेको तुलनामा करिव १० करोड रुपैयाँ महँगो हो। तर निर्वाचन आयोगको आर्थिक प्रशासन शाखासम्वद्ध स्रोत त्यतिबेलाको खर्च हालको तुलनामा निकै अस्वाभाविक रहेको बताउँछ । शाखाका ती अधिकृतका अनुसार, हरेक वर्ष ४ देखि ६ प्रतिशतका हाराहारीमा मूल्यवृद्धि भएकाले त्यतिबेला अझै सस्तोमा छपाइ हुन्थ्यो । उनका अनुसार, हरेक वर्ष ५ प्रतिशतका दरले मूल्यवृद्धि भएको अनुमान गर्ने हो भने अहिले ३ रुपैयाँ ९० पैसामा गरिने मतपत्र छपाइको काम पाँच वर्षअघि ३०५ रुपैयाँमा सम्पन्न हुन्थ्यो। त्यसरी हिसाव गर्दा एक करोड ४० लाख मतपत्र ४ करोड २७ लाख रुपैयाँमा सम्पन्न हुन्थ्यो ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आयोगमा आफू आउनुभन्दा पहिलेको विषय थाहा नहुने भन्दै अहिले ३ रुपैयाँ ९० पैसाका दरले मतदाता परिचयपत्र छापिएको बताए। निर्वाचन आयोगका प्रवक्ता शालिकराम पौडेलले बोलपत्र प्रतिस्पर्धाका क्रममा कम रकम कबोल गर्नेलाई नै छपाइको ठेक्का दिइएको बताए । 'हामीले टेण्डर आह्वान गर्दा ३ रुपैयाँ ९० पैसासम्मका छाप्छौं भनेर कबुल गरेका थिए', उनले भने, 'त्यसैले कम रकम कबोल गर्नेलाई ठेक्का दिइएको हो ।'

एउटा ए–फोर साइजको कागजमा निर्वाचन आयोगले वितरण गर्ने १० वटा मतदाता परिचयपत्रसम्म छापिन्छ । रंगिन र फोटो सहित छाप्नुपर्ने, त्यसमा सुरक्षा फिचर समेत राखिने अनि टेन्डर भर्नेले कर्मचारीहरूको खर्च समेत हिसाव गर्ने भएकाले प्रति परिचयपत्र ४ रुपैयाँ हाराहारीमा परेको हो। २०७४ सालको स्थानीय निर्वाचनको मतदाता परिचयपत्र छपाइमा महालेखा परीक्षकको कार्यालयले त्यतिबेला नै प्रश्न उठाएको थियो। मतदाता नामावली ऐन, २०७३ को दफा २७ मा मतदातालाई परिचयपत्र उपलब्ध गराउनुपर्ने व्यवस्था छ। २०७४ सालको स्थानीय तह निर्वाचनमा सबै मतदातालाई परिचयपत्र बाँडिए पनि त्यसपछिका निर्वाचनमा थपिएका मतदाताहरूको मात्रै परिचयपत्र बाँडिएको छ । मतदाताहरूलाई परिचयपत्र बाँडे पनि निर्वाचन आयोगले हरेक निर्वाचनको एक/दुई दिन अघि नागरिकताको प्रमाणपत्र देखाएको भरमा मतदान गर्न पाउने सूचना निकाल्ने गरेको छ । यस्तो सूचनाका कारण मतदाता परिचयपत्रमा भएको लगानी र स्रोतसाधनको खर्चमाथि प्रश्न उठ्ने गरेको छ । (साभार–अनलाइनखबर)

# ईयूको सेफ्टी अडिट अघि संगठन संरचनामा मध्यमार्गी बाटो खोज्दै प्राधिकरण

काठमाण्डौ, २२ साउन ।

युरोपेली युनियन एभिएसन सेफ्टी एजेन्सी (आएसा)को सेफ्टी अडिट अगाडि नेपाल नागरिक उड्डयन प्राधिकरणले आफ्नो संगठन संरचना सुधारमा मध्यमार्गी उपाय अपनाउने तयारी गरेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरण स्थापना र व्यवस्था गर्न बनेको विधेयक र नेपाल हवाई सेवा प्राधिकरणको स्थापना तथा व्यवस्था गर्न बनेको विधेयक अहिले राष्ट्रिय सभामा छन् । तत्काल ती विधेयक पास भएर कानुन बन्ने अवस्था नरहेको र नेपालले अन्तर्राष्ट्रिय नियामक निकायले उठाइरहेका चासो समेत सम्बोधन गर्नु पर्ने भएकाले प्राधिकरणले मध्यमार्गी उपाय अपनाएर अगाडि बढ्ने योजना बनाएको हो । नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीका अनुसार अहिले 'हवाई सुरक्षा तथा सुरक्षा नियमन निर्देशनालय'लाई स्वायत्त निकायका रुपमा अधिकार दिने गरी कानुनी प्रवन्ध गर्न थालिएको छ। अहिले यसै निकायले नेपालमा वायुसेवा कम्पनी तथा यससँग सम्बन्धित क्षेत्रमा काम गर्ने विभिन्न क्षेत्रका व्यक्तिलाई अनुमति तथा लाइसेन्स दिने काम गर्छ। सोही निकायले प्राधिकरणमा कार्यरत एयर ट्राफिक कन्ट्रोलरसहितका जनशक्तिलाई समेत लाइसेन्स दिन्छ । प्राधिकरण भित्र मुख्यतया नियमनको काम गर्ने निर्देशनालयलाई स्वायत्त बनाएर अहिलेकै संरचनाबाट हवाई सुरक्षा अभिवृद्धि गर्न सकिन्छ भन्ने उद्देश्यसहित यस्तो व्यवस्था गर्न लागिएको महानिर्देशक अधिकारीले बताए ।

नेपाल सन् २०१३ देखि युरोपेली युनियनको सुरक्षा चासोको सूचीमा रहेको छ। जसले गर्दा नेपालमा दर्ता भएका वायुसेवा कम्पनीले युरोपको आकाशमा उडान गर्न पाउँदैनन् । नेपालमा प्राधिकरण नफुटाएसम्म ईयूको कालोसूची हट्दैन भन्ने मान्यता स्थापित भइसकेको सन्दर्भमा प्राधिकरणले मध्यमार्गी उपाय लिन थालेको हो । प्राधिकरणका महानिर्देशक अधिकारी भन्छन्, 'अन्तर्राष्ट्रिय निकायले कहींकतै प्राधिकरण टुक्र्याउ, कालोसूचीबाट हटाउँछु भनेकै छैनन्,' उनी भन्छन्, 'आज प्राधिकरण दुईटा बनाए पनि हामी भन्दा माथि पर्यटन सचिव एउटै हुन्छन्, पर्यटनमन्त्री एउटै हुन्छन् ।' यस्तो अवस्थामा भएकै संरचनाबाट हवाई सुरक्षा अभिवृद्धिमा व्यापक सुधार गर्नुपर्ने उनले बताए । यद्दपि मुलुकको आवश्यकता अनुसार प्राधिकरणको संगठन संरचना सुधार गर्ने काम भने नरोकिने उनले बताए । 'देशको आवश्यकता छ भने सोही अनुसार संरचना बदल्नु पर्छ,' उनले भने, 'तर, यसो भएन भने प्रक्रिया नै अगाडि बढ्दैन भन्नु गलत हो ।' हवाई प्रतिबन्ध सूचीबारे सेफ्टी अडिट गर्न ईयूको टोली नेपाल आउने प्राधिकरणका अनुसार आएसाले छिट्टै नेपालमा अडिटमा आउने जानकारी गराएको छ । युरोपेली युनियन र अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले नेपालको सन्दर्भमा उठाएका धेरै चासोमध्ये नियमनकारी निकाय र सेवा प्रदायक निकाय एउटै हुनु हुँदैन भन्ने हो । यसलाई सम्बोधन गर्न प्राधिकरणले 'हवाई सुरक्षा तथा सुरक्षा नियमन निर्देशनालय'लाई स्वायत्त अधिकार दिएर शक्तिशाली बनाउने तयारी गरेको हो । त्यसका लागि प्राधिकरणले नागरिक उड्डयन नियमावली मै संशोधन गरी कानुनी व्यवस्था गर्न लागेको हो। अन्तर्राष्ट्रिय निकायले दुर्घटना जाँच आयोगमा समेत स्वतन्त्र निकाय हुनुपर्ने सुझाव दिएका छन्। सरकारले यस्तो आयोग दुर्घटनापछि मात्र गठन गर्छ । जसले गर्दा प्रतिवेदनमा उल्लेख सुझाव कार्यान्वयनमा नियमित झकझकाउने स्वतन्त्र निकाय छैन ।पर्यटन मन्त्रालय र प्राधिकरणलाई त्यस्ता आयोगले दिइएका सुझाव समेत कार्यान्वयन हुँदैनन् । (साभार–अनलाइनखबर)

## भूमि आयोगद्वारा.........

भएको हो' उप्रेतीले भने । सरकारको नेतृत्व परिवर्तन भए पिच्छे राष्ट्रिय भूमि आयोगको केन्द्रदेखि स्थानिय तहसम्मको कार्यसमिति र कर्मचारी हेरफेर हुने भएकोले आयोगको काम सुस्त भएको हो । बारा जिल्लाको हकमा बैशाख ३० गते सम्पन्न स्थानिय तह निर्वाचन,कार्यपालिका र जिल्ला समन्वय समिति निर्वाचनका कारण आयोग गठन भएको ३ महिनापछि मात्रै काम शुरु भएको अध्यक्ष उप्रेतीले जनाएका छन्।

'२०५२ सालमा स्थानियहरुले आयोगलाई निवेदन दिने, आयोगले नापी पठाउने र फिल्ड प्रमाणित गरेर खरदार र सुब्बा खटाएर हातको हातै लालपुर्जा दिने प्रचलन थियो,तर अहिले सम्पुर्ण दायित्व जनप्रतिनिधिलाई दिएको छ तर, उहाँहरूसँग प्राविधिक ज्ञान नहुदाँ पनि काम ढिला भएको छ' अध्यक्ष उप्रेतीले भने। विगतमा गठन भएका सुकुम्बासी समस्या समाधान आयोगहरूले वन, बुट्यान, खोला, बगर, गौचरन, सार्वजनिक र विवादित जग्गाहरू समेत वितरण गरेको भन्दै आयोगको कार्यशैलीको आलोचना हुदै आएको छ। नारायण क्षेत्रि अध्यक्ष रहेको यसअघिको सुकुम्बासी समस्या समाधान आयोगले बाराको पथलैयामा बाँडेको वनको जग्गाको स्थानियहरुले आजसम्म जग्गाधनी पुर्जा पाउन सकेका छैनन् । आयोग बारा जिल्ला विज्ञ सदस्य केदार गौतमले वितरण योग्य जग्गा हो/होईन प्रमाणित गरेर मात्रै काम अगाडी बढाइने जनाएका छन् । जग्गा नापजाँच लागि राष्ट्रिय भुमि आयोग, नापी कार्यालय बारा र सम्वन्धित पालिकाका प्राविधिक टोलीले एकसाथ खटिएका छन् । सुकुम्बासीको हकमा देशको जुनसुकै कुनामा बुवा,छोरा र नाति गरी ३ पुस्ताभित्र जग्गा जमिन नभएकोलाई भुमिहिन सुकुम्बासी,सोही प्रकृतिको ३ पुस्ते जग्गा जमिन नभएकोलाई भुमिहिन दलित र पुर्जावाला जग्गा भएको र अन्य चल/अचल सम्पती भएको आर्थिक रुपमा पनि सम्पन्नलाई अव्यवस्थित भनि आयोगले परिभाषित गरेको छ । अव्यवस्थितको हकमा ३ पुस्ते विवरण भर्दा परिवारका अन्य सदस्यहरुको नाममा रहेको चल/अचल सम्पतिको विवरण खुलाउनुपर्ने कानुनी व्यवस्था छ तर अधिकांशले सम्पती लुकाएर फर्म भरेको भेटिएको स्थानिय जनप्रतिनिधिले गुनासो गरेको छन् । आयोग अव्यवस्थित बसोबास अन्तर्गत प्रस्तावित दोस्रो अन्तराष्ट्रिय विमानस्थलको राष्ट्रिय वन क्षेत्र भित्र रहेको टाँगियावस्तीको करिव २ हजार घरधुरी र बिशेष आर्थिक क्षेत्र प्राधिकरण 'सिमरा सेज'को जग्गामा बसोबास गर्नेहरुको तथ्यांक भने संकलन गरेको छैन् । आयोग जिल्ला सदस्य गौतम यहि गतिमा काम भए ५ महिनाभित्रका बारा जिल्लाको १६ वटै पालिकामा जग्गा नाप जाँचको काम सम्पन्न हुने बताएका छन्। (साभार–रातोपाटी)

## निर्वाचन ..................

सकरात्मक सन्देश दिन सांसद यादव आफै काममा खट्ने गरेका छन् । 'गठबन्धन भएपनि/नभएपनि म संघीय सांसदमा यही क्षेत्र न ३ मै कायम रहन्छु । म क्लियर दावेदार र उम्मेदवार पनि हुँ,' जनता समाजवादी पार्टीका मधेस प्रदेश अध्यक्ष समेत रहेका सांसद यादवले भने, 'मैले पार्टीलाई भनिसकेको छु कि मेरो क्षेत्रमा गठबन्धन गर्नुपर्दैन । जनता मलाई सिङ्गल मत दिन तयार छन् । काँग्रेस छुट्टै लडोस्, एमाले छुट्टै लडोस्, हामी छुट्टै लड्न तयार छौ ।' तनहुँ निर्वाचन क्षेत्र नं १ का संघीय सांसद् तथा पूर्व श्रममन्त्री किसान श्रेष्ठ पनि करिव एक दशकदेखि बारामा उद्योग, पर्यटन, होटल व्यवसाय तथा जग्गा कारोबारमा जोडिएका छन् । २०७४ को निर्वाचनमा तनहुँबाट नेपाली काँग्रेसका प्रभावशाली नेता रामचन्द्र पौडेललाई पराजित गरेका श्रेष्ठ अगामी निर्वाचनमा बारा क्षेत्र नं ४ बाट आंकाक्षी छन्। रामचन्द्र पौडेलले तनहुँमा टिकट पाए श्रेष्ठले बाराबाट उम्मेदवारी दिने निश्चितजस्तै छ। 'हामी एमालेवाट विद्रोह गरेर आएका १३ जना सांसदलाई आफ्नो पुरानै निर्वाचन क्षेत्रमा चुनाव लड्ने गरी त्यतिबेला सहमति भएको हो । तर, गठबन्धनले के निर्णय गर्छ, अहिले नै भन्न सकिने अवस्था छैन । सिट बाँडफाँटको टुंगो लागेको छैन,' श्रेष्ठले रातोपाटीसँगको कुराकानीमा भने। उनका अनुसार एमालेसँग छुट्टिएर बनेको नेकपा एकीकृत समाजवादी पार्टीको संगठन मजबुत भइनसकेको कारण गठबन्धनको निर्णयभन्दा बाहिर गएर निर्वाचन लड्न पनि समस्या देखिएको छ । २०७४ मंसिरमा भएको संघ, प्रदेश निर्वाचनमा तत्कालीन राजपा–फोरम गठबन्धनले बाराको अधिकांश क्षेत्रमा जित हात पारेको थियो। वाम गठबन्धनले तीन प्रदेशसभा र नेपाली काँग्रेसले एक प्रतिनिधिसभा जितेको थियो भने अन्य स्थानमा राजपा–फोरम गठबन्धनका उम्मेदवार विजयी भएका थिए ।

२०७४ को निर्वाचनमा बारामा कस्तो थियो स्थिति ?

२०७४ को प्रतिनिधि सभा सदस्य निर्वाचनमा क्षेत्र नं १ मा नेपाली काँग्रेसका उमाकान्त चौधरी, २ मा संघीय समाजवादी फोरमका रामसहाय यादव, क्षेत्र नं ३ मा संघीय समाजदवादी फोरमका रामबाबु यादव र क्षेत्र नं ४ मा राजपाका एकवाल मियाँ निर्वाचित भएका थिए । ४ जना संघीय सांसदहरुमध्ये रामसहाय यादव र रामबाबु यादव अहिले जनता समाजवादी पार्टीमा छन् भने एकवाल मियाँ लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) मा आवद्ध छन्। गएको प्रतिनिधि सभा सदस्य निर्वाचनमा नेपाली काँग्रेसमा नेता चौधरीले नेकपा एमालेका पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीका सल्लाहकार अच्युत मैनालीलाई पराजित गरेका थिए। त्यसै गरी बाराको निर्वाचन क्षेत्र २ मा तत्कालीन संघीय समाजवादी फोरम नेपालका उम्मेदवार रामसहाय यादवले दोस्रो संविधानसभाको निर्वाचनमा सोही क्षेत्रवाट निर्वाचित काँग्रेसका बारा जिल्ला सभापति तथा पूर्वसभासद राधेचन्द्र यादवलाई पराजित गरेका थिए ।

२०७४ को निर्वाचनमा बाराको निर्वाचन क्षेत्र नं ३ मा भने रामबाबु यादव तत्कालीन बहालवाला श्रम तथा रोजगार मन्त्री फरमुल्लाह मन्सुर र वाम गठबन्धनका उम्मेदवार अध्यायन्द पाण्डेसँग फराकिलो मतान्तरले विजयी भएका थिए । बाराको उत्तरी भेगमा रहेको निर्वाचन क्षेत्र नं ४ मा तत्कालीन राजपाका एकवाल मियाँले वाम गठबन्धनबाट उम्मेदवार बनेका एमाले बाराका उपाध्यक्ष देवनारायण चौधरी र नेपाली काँग्रेसका नेता लालबाबु सिंहलाई पराजित गरेका थिए । २०७४ को निर्वाचनलाई नियाल्दा बारामा प्रतिनिधिसभा सदस्य निर्वाचनमा एमाले र माओवादी केन्द्रको भने सहभागिता हुन सकेन। काँग्रेसले एउटा सिट जित्यो भने मधेशवादी दलहरुले बाँकी ३ वटा निर्वाचन क्षेत्रमा बिजयी हात पार्न सफल भए । बहालवाला सांसदले भूमिका परिवर्तन गर्नुपर्छ : लामा

पर्यटन व्यवसायी तथा माओवादी निकट अखिल नेपाल खेलकुद महासंघका विज्ञ सदस्य युवराज लामा आगामी मंसिर ४ मा हुने प्रदेश तथा प्रतिनिधि सभा सदस्य निर्वाचनमा बहालवाला सांसदहरुले भूमिका परिवर्तन गनुपर्ने सुझाउँछन् । 'यहाँ मृत्यु शैय्यामा नपुगेसम्म निर्वाचनमा उठिरहने खालको प्रवृत्ति छ, यस्तो प्रवृत्तिलाई दलहरुले अव अन्त्य गर्नुपर्छ,' लामाले भने । 'दलहरुले अगामी निर्वाचनमा मापदण्ड नै बनाएर स्वस्थ्य, प्रतिभाशाली प्रशासनिक र राजनीतिक नेतृत्व गर्न सक्ने क्षमता भएको व्यक्तिलाई उम्मेदवारको रुपमा छान्न सक्नुपर्छ,' लामाले भने 'भ्रष्टाचारमा मुछिएका कुनैपनि व्यक्तिलाई निर्वाचनमा ल्याउनै हुँदैन।' नेपाली कांग्रेसका प्रभावशाली नेता तथा संविधान सभा सदस्य शोभाकर पराजुलीले गठबन्धन गर्ने भनिएका दलहरुले आआफ्नो संयन्त्रद्वारा पारदर्शी, स्वच्छ र निष्पक्ष रुपमा काम गर्न सक्ने जनतामाझ भिजेको लोकप्रिय योग्य र ईमानदार व्यक्तिलाई उम्मेदवारको रुपमा ल्याउन सुझाव दिएका छन् । पराजुलीले भने, 'विगतमा गठबन्धनका दलहरुबिच भएका कमी कमजोरी र त्रुटि आगामी गठबन्धनमा नदोहोरिने गरी स्थलगत सर्वे गरेर उम्मेदवार चयन गरिनुपर्छ।' (साभार–रातोपाटी)

## अघि बढ्यो ..............

नगरेको उल्लेख छ ।

निर्णय लिन दुई तिहाई

महाभियोग सिफारिस समितिको प्रतिवेदनसभामा पेश भएपछि पनि संसदीय प्रक्रियाहरु बाँकी रहन्छन् । समितिको प्रतिवेदनमाथि सभामा छलफल हुनेछ, सांसदहरुले धारणा राख्नेछन् । त्यसपछि सांसदहरुलाई प्रतिवेदनमा संशोधन पेश गर्न वा पुनः छानबिन गर्न र प्रतिवेदनलाई महाभियोग सिफारिस समितिमा फिर्ता पठाउने प्रस्ताव राख्न समय दिइन्छ। सांसदहरुको प्रस्ताव उपर छलफल हुँदा प्रतिवेदनलाई महाभियोग सिफारिस समितिमा फिर्ता पठाइयोस् भन्ने प्रस्ताव स्वीकृत भएमा फेरि महाअभियोग सिफारिस समितिले नै हेर्नुपर्ने हुन्छ। फिर्ता पठाएको हकमा समितिले ७ दिनभित्र पुनः छानबिन सकेर सभामा प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ ।

सांसदहरुको संशोधनसम्बन्धी प्रस्तावहरुको हकमा सभाले पास गरे प्रतिवेदनमा थपिन्छ, पास नगरे अगाडि बढ्दैन। अन्तिममा महाभियोग सिफारिस समितिको प्रतिवेदन स्वीकृत गरियोस् भन्ने प्रस्ताव बाँकी रहन्छ । यसलाई पास गर्न प्रतिनिधिसभामा तत्काल रहेका सांसदहरुको दुई तिहाइ बहुमत चाहिन्छ । 'कुनै पदाधिकारीको विरुद्धमा यस परिच्छेद बमोजिम प्रस्तुत प्रस्तावमा छानबिन गरी महाभियोग प्रमाणित हन्छ भन्ने ठहरका साथ महाभियोग सिफारिस समितिले पेश गरेको प्रतिवेदन प्रतिनिधि सभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतबाट पारित भएमा सम्बन्धित पदाधिकारी पदमुक्त हुनेछ' प्रतिनिधिसभा नियमावलीको नियम १६६(६) मा उल्लेख छ । महाभियोगको प्रस्ताव पारित भएमा निलम्बित प्रधानन्यायाधीश जबराले पदमा रहँदा कुनै कसूर गरेको भए त्यस्तो कसूरमा कारबाही गर्ने बाटो खुल्नेछ। साथै जबराले सरकारी सुविधा लिन र भविष्यमा कुनै पनि सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुनबाट बञ्चित हुनेछन् । तर यो सबै प्रक्रिया पूरा हुनेमा शंका छ । सत्तारुढ दलहरुसँग महाअभियोग पारित गर्न आवश्यक दुई तिहाइ संख्या छैन । प्रमुख प्रतिपक्षी नेकपा एमालेले साथ दिएको अवस्थामा मात्र उनीहरु महाअभियोगलाई द्रुत गतिमा अघि बढाउन चाहन्छन्। अन्यत्र नियमित प्रक्रियाबाट अघि बढाउने तयारी छ । त्यसो गर्दा महाअभियोगबारे निर्णय नगर्दै संसदको कार्यकाल सकिने र ४ मंसिरको चुनाव हुन सम्भावना छ । ( साभार–अनलाइनखबर)

## यस वर्ष किन.........

मेगावाट र तेस्रोबाट १४ मेगावाट विद्युत् उत्पादन हुने गरेको छ । देशका अन्य जलविद्युत् स्टेसनहरूलाई समर्थन गर्नका लागि मात्र कुलेखानी जलविद्युत् आयोजना प्रयोग गरिने केन्द्रका प्रमुख चौधरीले बताए । 'सुख्खा याममा अन्य हाइड्रोपावरहरूमा पानीको बहाव घट्ने र विद्युत उत्पादन बन्द हुँदा कुलेखानी जलाशयको पानीको प्रयोग गरेर विद्युत गृह संचालन गरिन्छ। अन्य विद्युत गृहको मेसिन बन्द भएर सञ्चालनमा आउन समस्या हुने भएकाले आवश्यक परेको खण्डमा मात्र कुलेखानी प्रयोगमा ल्याउने गरिएको छ।' उनले भने। उनका अनुसार हाल कुलेखानीबाट विद्युत उत्पादन गर्नुपर्ने अवस्था छैन । (साभार–रातोपाटी)

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक

जि.प्र.का.दर्ता ७८/२०७५/७६

# नागरिकता विधेयक फिर्ता गर्न राष्ट्रपति भण्डारीलाई आग्रह, बुझाइयो ज्ञापनपत्र



काठमाण्डौ, २२ साउन।

नागरिकता अध्ययन कार्यदलले गत साउन १५ गते संसदबाट पारित नागरिकता विधेयक प्रमाणीकरण नगरी फिर्ता गर्न राष्ट्रपति विद्यादेवी भण्डारीलाई आग्रह गरेको छ। आइतबार राजधानीमा पत्रकार सम्मेलन गरेर नागरिकता विधेयकलाई प्रमाणीकरण नगर्न आग्रह गर्दै राष्ट्रपति भण्डारीलाई अनुरोधपत्र बुझाइएको जानकारी दिइएको हो। पत्रकार सम्मेलनमा बोल्दै अध्ययन कार्यदलका सह-संयोजक नारायण शर्माले नागरिकता विधेयकलाई चरम राष्ट्रघाती विधेयकको संज्ञा दिए। यो विधेयकले देशको अस्तित्व नै खतरामा जाने उनको भनाइ थियो। देशभक्त नागरिकको हैसियतले आफुहरुले यो विधेयकविरुद्ध अभियान नै चलाएको उनले स्पष्ट पारे। अध्ययन कार्यदलले नेपालको जन्मसिद्ध बाबु-आमाले नागरिकता प्राप्त गरिसकेपछि मात्र नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोबास गरेका सन्तानहरुले मात्र नागरिकता पाउने हक हुने जनाएको छ। हकै नभएकाले पनि नागरिकता पाउने गरी ल्याइएको विधेयक राष्ट्रघाती भएको कार्यदलको ठहर छ। कार्यक्रममा बोल्दै नेकपा मालेका महासचिव तथा पूर्व उपप्रधानमन्त्री सिपी मैनालीले नागरिकता विधेयक अहिलेको राज्य व्यवस्था विपरित भएको टिप्पणी गरे। चुनावको लागि नागरिकता विधेयकलाई फास्ट-ट्र्याकमा लगेर पारित गरिएको उनका भनाई थियो। देशभक्त नागरिक समाजका गोविन्द बोहोराले राष्ट्रपति विद्यादेवी भण्डारीलाई मदन भण्डारीको उद्देश्य र भावनालाई स्मरण गर्न आग्रह गर्दै नागरिकता विधेयक फिर्ता गर्न आग्रह गरेका छन्। देशमा यसअघि धेरै राष्ट्रघाती सन्धिहरु भइसकेको उनको भनाइ थियो। सो क्रममा पुष्पलाल समाजका सचिव मुकुन्द आचार्य, नेकपा मार्क्सवादी पुष्पलालका महासचिव मानध्वज गुरुङ, परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठले पनि नागरिकता विधेयकको विरोध गरेका छन्। (साभार-रातोपाटी)

SEE पछिको उत्कृष्ट गन्तव्य



संचालित कार्यक्रमहरू
१. डिप्लोमा ईन सिभिल इन्जिनियरिङ
२. डिप्लोमा ईन अटोमोवाइल इन्जिनियरिङ
३. डिप्लोमा ईन ईलेक्ट्रिकल इन्जिनियरिङ
४. डिप्लोमा ईन जियोमेटिक्स इन्जिनियरिङ

प्रत्येक कार्यक्रममा ४४ सिट पूर्ण शुल्क
४ सिट छात्रवृत्ति

३ वर्षको पूर्ण शुल्क
मात्र ७००००/- (सत्तरी हजार मात्र)

थप जानकारीको लागि सम्पर्क गर्नुहोला।

शिक्षालय प्रमुख
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
नारायणी बहुप्राविधिक शिक्षालय
भरतपुर १०, सप्तगण्डकी चोक
चितवन, नेपाल

npictevt@gmail.com
npictevt.edu.np
०५६-५२१३१६, ५२४३६२,९८५५०१२६३३

# भूमिहीन सुकुम्बासी बालबालिका सडकमा



धनुषा, २२ साउन। चुरे संरक्षण तथा भूमिहीन सुकुम्वासीहरूका बालबालिकाले जनकपुरधाममा मधेश प्रदेश सरकारविरुद्ध प्रदर्शन गरेका छन्। आइतबार जनकपुरधाममा १९ दिनदेखि आन्दोलित रहेका सुकुम्वासीहरूले आ-आफ्ना बालबालिकालाई सडकमा उतार्दै बालबालिकाको भविष्यप्रति गम्भिर हुन ध्यानाकर्षण गराएका हुन्। चुरे तथा वनजंगल संरक्षण अभियानले रिले अनसन र सडक आन्दोलन समेत गर्दै आएको छ। बालबालिकाको भविष्य, शिक्षाको ग्यारेन्टी, गाँस, बास र कपाससहितको मौलिक अधिकारप्रति मधेश प्रदेश सरकार गम्भीर नभएको सुकुम्बासी आन्दोलनकारी पुनम साहले बताइन्। सिरहास्थित मारुती सिमेन्टले कब्जा गरेको वन बुटेनको जग्गा फिर्ता हुनुपर्नेलगायत विभिन्न ५ बुँदे माग राख्दै चुरे तथा वनजंगल संरक्षण अभियानले जनकपुरधामको जनक चोकमा रिले अनसन र मधेश प्रदेश सरकारको विरुद्धमा दिनहुँ प्रदर्शन गर्दै आएका छन्। (साभार-रातोपाटी)

## प्रसौनी ........................

सदस्य उपस्थित भएपछि मात्रै गणपुरक संख्या पुगेको मानिन्छ। गणपुरक संख्या नपुगेमा तीन दिन भित्र पुनः गाउँसभा बस्नेगरि सूचना गर्नुपर्ने हुन्छ।

जनप्रतिनिधिहरुबीच कुरा नमिल्दा गाउँसभाको दोस्रो बैठक ढिलो गरी २१ साउनका लागि डाकिएको थियो। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुनिलप्रसाद केशरीले गाउँसभा अधिवेशनमा १८ जना मात्रै उपस्थित भएकोले बजेट, नीति तथा कार्यक्रम पारित हुन नसकेको जानकारी दिए। 'बोर्ड (कार्यपालिका) बैठकबाटै साउन २१ गते गाउँसभा बैठक गर्ने निर्णय भएको हो, सबैले योजनाहरु पनि ल्याएर दिएका थिए', उनले भने 'तर बैठकमा १८ जना मात्रै सहभागी भए, बजेट, नीति तथा कार्यक्रम पारित हुन सकेन।' गाउँपालिका अध्यक्ष विनोद कुमार जयसवालले गाउँसभा बैठकमा प्रवेश गरे पनि कोरम नपुगेका कारण बजेट नीति तथा कार्यक्रम पारित हुन नसकेको जानकारी दिए।

अध्यक्षले आफ्नो अनुकूल गठन गर्न सक्ने ५ वटा समितहरु मध्ये ४ वटामा अन्य दलका वडा अध्यक्षलाई नेतृत्व गर्न दिएको, महानगर, उपमहानगरले दिएको बजेट सिलिङ भन्दा बढी रकम वडाअध्यक्षहरुलाई दिंदा पनि उनीहरुले असहयोग गरेको अध्यक्ष जयसवाल बताउँछन्। 'वीरगञ्ज महानगरपालिका र कलैया उपमहानगरपालिकाको बीचमा प्रसौनी गाउँपालिका पर्छ। दुवै पालिकाले वडालाई दिएको बजेट भन्दा बढी मैले ८५ लाख रुपैयाँ दिएको छु', उनले भने, 'तर पनि अनेक बहानामा गाउँसभा सफल हुन दिएका छैनन।' (साभार-अनलाइनखबर)

## बीरगंज..................

सिन्दुरियामाई आधारभुत विद्यालय लक्ष्मणवा, मकतव इनर्वा, अपौनी, परवानीपुर, मनियारी, प्रसोतिपुरमा सञ्चालित आधारभुत विद्यालय रहेका छन्। यस्तै आदर्श बालविकास आधारभुत विद्यालय बेल्वा, मदर्सा इस्लामिया आधारभुत विद्यालय सुगौलिविर्ता, नेपाल रेडक्रस आधारभुत विद्यालय लक्ष्मीपुर वेल्वा, रामजानकी आधारभुत विद्यालय रामगढवा गरि ११ वटा विद्यालय कालो सूचीमा परेका हुन्। कालो सूचीमा परेका विद्यालय अहिले प्राप्त भएको कुनै पनि सुविधा, निकासा तथा अनुदानबाट बञ्चित हुने महानगरले जारी गरेको सूचनामार्फत चेतावनी दिइएको छ। प्रधानाध्यापकका कारण नै यस्तो अवस्था आएको भन्दै विद्यालयले प्राप्त गरिरहेको सुविधा कटौती भए स्वयं उनीहरु नै जिम्मेवार हुने सूचनामा उल्लेख छ।

प्रसौनी गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

- ☐ जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौ।
- ☐ लैगिंक हिंसा सामाजिक अपराध हो। हामी सबै मिलेर लैगिक हिंसा मुक्त गरौं।
- ☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं।
- ☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई-सराई लगायतका घटना दर्ताहरु समयमै गरौं।
- ☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं। नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं।
- ☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो।

पचरौता नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

- ☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई-सराई लगायतका घटना दर्ताहरु समयमै गरौं।
- ☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं। नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं।
- ☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो।
- ☐ जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौ।
- ☐ लैगिंक हिंसा सामाजिक अपराध हो। हामी सबै मिलेर लैगिक हिंसा मुक्त गरौं।
- ☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं।

व्यक्तिगत घटना दर्ता समय मै गर
जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं।
जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

व्यक्तिगत घटना दर्ता समय मै गरौं
जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं।
आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

व्यक्तिगत घटना दर्ता समय मै गरौं
जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं।
कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा